स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**नागरिक बडापत्रको उपयोग गरौं**

**नागरिक बडापत्रमा:**
- सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,
- सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,
- सेवा प्राप्त गर्न लाग्ने शुल्क र समयावधि,
- सेवा प्रदान गर्ने जिम्मेवार पदाधिकारी र निजको कार्यकक्षको विवरण,
- तोकिएबमोजिम अन्य कुरा उल्लेख गरिएका हुन्छन् ।

**सेवाग्राहीले**
- समयमा सेवा प्राप्त नभए तत्काल कार्यालय प्रमुख वा तोकिएको अधिकारी समक्ष उजुरी गरौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



गायन र फिल्म अभिनय दुवैमा सफलताको स्वाद चाखिसकेका प्रकाश सपूतको अब निर्देशनमा अग्नि परीक्षा सुरु भएको छ । उनको निर्देशनमा बनेको पहिलो फिल्म "वसन्त" शुक्रबारबाट प्रदर्शनमा आएको छ । आफ्ना गीतको भिडियोमा प्रभावकारी ढंगले कथावाचन गर्दै आएका उनलाई फिल्ममा अझ उत्कृष्ट हुनुपर्ने चुनौती मात्र छैन, व्यावसायिक रुपमा सफल हुनुपर्ने दबाब पनि छ ।

**आजको विचार...**



देशको.... (दुई पेजमा)

प्राडा. शान्तिकृष्ण अधिकारी



यस वर्षको सफल फिल्म "खुस्मा"का निर्देशक अशोक थापा मगरले दोस्रो फिल्मको रुपमा "जलाकी" बनाउने भएका छन् । शुक्रबार पोखराको प्रसिद्ध धार्मिकस्थल विन्ध्यवासिनी मन्दिरमा फिल्मको मुहूर्त गरिएको छ ।

❒ वर्ष ३० ❒ अंक २५० ❒ २०८१ चैत २३ गते शनिबार 5 April 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# स्वास्थ्य बिमा र सरकारी अस्पतालका सेवा व्यवस्थित गर्दैछौं : मन्त्री पौडेल

रामचन्द्र रायमाझी

**पाल्पा, चैत २२**/स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले स्वास्थ्य बिमा र सरकारी अस्पतालको सेवा व्यवस्थित गर्ने गरी सरकारले काम गरेको बताएका छन् । शुक्रबारदेखि तानसेनको टुँडिखेलमा सञ्चालन भएको दोस्रो तानसेन महोत्सवलाई उद्घाटन गर्दै मन्त्री पौडेलले यस्तो बताएका हुन् ।

स्वास्थ्य बिमाका लागि स्रोत सुनिश्चित गरी यसलाई व्यवस्थित र प्रभावकारी बनाउने योजनामा सरकार रहेको उनको भनाई छ । मन्त्री पौडेलले भने, "वर्तमान सरकार स्वास्थ्य क्षेत्रको विकास र सुधारलाई प्राथमिकतामा राखेर व्यवस्थित बनाउने योजनामा छ । बिरामीको उपचार सर्वसुलभ गर्ने र उपचार गर्न नसक्नेलाई नि:शुल्क बनाउने तथा स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउने छौं ।"

स्वास्थ्य क्षेत्रमा धेरै कुरा भएको तर पूर्ण नभएको उनले बताए । मन्त्री पौडेलले भने " स्वास्थ्य क्षेत्र व्यवस्थित र पहुँच सहज हुन सकेको छैन, पहुँच नपुग्ने गरी भएको विकासले जनतालाई छुँदो रहेन छ, त्यसैले पहुँच पुग्ने स्थिति निर्माण गर्नका निम्ति हामीले उपचारात्मक क्षेत्रमा सुधार गर्दैछौं निरोधात्मक क्षेत्रलाई पनि विस्तार



गर्ने गरी योजना ल्याएका छौं ।" उनले अस्पताललाई सुधार गर्ने र त्यसअनुसार व्यवस्थित गरेर अगाडि लिएर जाने प्रयत्न सरकारले गरिरहेको पनि बताए । अस्पताललाई व्यवस्थित गर्न बिमा व्यवस्थित हुन जरुरी रहेको भन्दै मन्त्री पौडेलले पहिलो कुरा नै बिमा व्यवस्थित बनाउने दिशामा मन्त्रालय लागेको उल्लेख गरे ।

आफू आमसर्वसाधारणले प्राप्त गरेका सुविधालाई कटाउने पक्षमा नभइ त्यसलाई सुरक्षित कसरी गराउनेतर्फ लागेको उनले स्पष्ट पारे । मन्त्री पौडेलले भने "केही व्यक्तिहरुले मलाई भन्ने गर्नुभएको छ , तपाईंले त बिमा बन्द गर्न लाग्नुभयो रे, यो विमा चल्दैन भन्नुभयो रे, मैले भनेको यसरी चल्दैन, मैले डुब्न लागेको बिमालाई उठाउन खोजेको, अव्यवस्थित बिमालाई व्यवस्थित बनाउन खोजेको, अपूर्ण बिमालाई पूर्णता तिर लिएर जान खोजेको हो, कार्यान्वयन हुने गरी हुन सक्ने गरी हामीले दृष्टिकोणहरू ल्याएका छौं, के -के गर्यौं भने बिमा सुरक्षित गर्न सकिन्छ, के-के गरे बिमामा नियमित आम्दानी गर्न सकिन्छ ? भन्ने कुराको परिकल्पना गरेका हौं ।"

-बाँकी अन्तिम पेजमा...

## सङ्क्षिप्त समाचार

### हमासका वरिष्ठ नेताको मृत्यु



(रासस/सिन्ह्वा)

**बेरुत, चैत २२**/लेबनानको सिडोनस्थित एक अपार्टमेन्टमा शुक्रबार भएको इजरायली ड्रोन आक्रमणमा हमासका वरिष्ठ अधिकारी हसन फरहत र उहाँका दुई छोराको मृत्यु भएको लेबनानी सेना र अल जदीद टिभी च्यानलले जनाएको छ ।

इजरायली ड्रोनले मध्य सिडोनको अल-जहरास्थित हमास नेता हसन फरहत बस्ने अपार्टमेन्टमा क्षेप्यास्त्र प्रहार गरेको लेबनानको सुरक्षा स्रोतले जनाएको छ । क्षेप्यास्त्र प्रहारबाट अपार्टमेन्टमा आगलागी हुदाँ फरहत र उहाँका दुई छोराको मृत्यु भएको स्रोतले जनाएको छ । अपार्टमेन्टमा फैलिएको आगो अग्नि नियन्त्रक तथा नागरिक सुरक्षाका कर्मचारीहरूले निभाएको तथा लेबनानी रेड क्रसका एम्बुलेन्सले शवहरू अस्पताल पुर्‍याएको रिपोर्ट गरिएको छ । सन् २०२४ नोभेम्बर-२७ मा सुरु भएको हमला हेजबुल्लाह र इजरायलबिचको युद्धविरामको बावजुद इजरायली सेनाले लेबनानको सिमानाका पाँच प्रमुख बिन्दुहरूमा सैन्य उपस्थिति कायम राखी आक्रमण गरिरहेको छ ।

## आगो निभाउन गएका एक पुरुषको मृत्यु



**पाल्पा, चैत २२** /जिल्लाको रिब्दीकोट गाउँपालिका- ७ पालुङ कोर्तुङस्थित पालुङ सामुदायिक जङ्गलमा लागेको आगो निभाउने क्रममा एक पुरुषको ज्यान गएको छ । आगो निभाउने क्रममा अचानक भिरबाट लडेर सोही ठाउँका ६१ वर्षीय टेकबहादुर सर्तुङ्गेको मृत्यु भएको हो ।

जङ्गलमा लागेको आगो नियन्त्रण गर्ने क्रममा सर्तुङ्गे अचानक भिरबाट लडेका थिए । भिरबाट २० मिटर तल आगो लागिरहेको ठाउँमा लडेका उनको जलेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्दिप बेल्वासेले जानकारी दिए । आगोमा जलिरहेको अवस्थामा शुक्रबार विहान स्थानीयले देखेपछि ईलाका प्रहरी कार्यालय मुझुङमा खबर गरेका थिए । खबर लगत्तै इकालाका प्रहरी चौकी र जिल्ला प्रहरी कार्यालयाट खटेको प्रहरी टोलीले सर्तुङ्गेलाई उद्दार गरे पनि मृत्यु भइसकेको थियो । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । जङ्गलमा विहीबारदेखि आगो लागेको थियो ।

## 'सङ्घीयता खर्चिलो भएकाले छरितो बनाउनुपर्छ'

**पाल्पा, चैत २२**/स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले सैंयता खर्चिलो भएकाले छरितो बनाउन आवश्यक रहेको बताएका छन् । शुक्रबार नेपाली काँग्रेस पाल्पाले तानसेनमा आयोजना गरेको शुभकामना तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उनले संघीयता राज्यको क्षमता भन्दा बढी खर्चिलो भएकाले छरितो बनाउन आवश्यक रहेको बताएका हुन् ।

मन्त्री पौडेलले भने "वास्तवमा सैंयता जनतालाई अधिकार दिलाउने सन्दर्भमा यो परिस्कृत स्वरुप हो, तर हाम्रो सैंयता राज्यको क्षमता भन्दा बढी बोझिलो, खर्चिलो बनेको स्थिति छ, यसको अर्थ सैंयता समाप्त गर्ने होइन, छरितो बनाउने हो ,हाम्रो शासन संरचनालाई छरितो बनाएर अगाडि बढ्ने हो ।' संघीय लोकतन्त्रमा धेरै कुरा भएको छ तर पर्याप्त नभएको



उनको भनाई छ । "अहिलेको व्यवस्थालाई पूर्णता व्यवस्थित बनाउन आवश्यक छ, नेपाललाई समृद्ध बनाउने दिशामा हामी धेरै अगाडि बढेका छौं, यसले फेरी पछाडी फर्कने अवस्था आयो भने देश धेरै पछाडी जाने अवस्था आउन सक्छ । त्यसैले व्यक्तिको हैन विधिको शासन स्थापित गर्न खोजेका हौं" मन्त्री पौडेलले भने । उनले संघीय शासनलाई नै बलियो बनाएर लैजाने दिशामा लागेको बताए ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## चैते दशैंको सन्दर्भ

नवदुर्गा भवानीको उपासना गरी चैते दशैं पर्व आज मनाइँदै छ । दानवी शक्तिमाथि दैवी शक्ति र असत्यमाथि सत्यको विजयस्वरूप देवी भागवत्, कालिका पुराण, चण्डी पाठ गरी चैत शुक्ल अष्टमीका दिन दशैं मनाउने प्रचलन छ । अष्टमीको दिनलाई चैते दशै र नवमीलाई त्रेता युगमा अयोध्याका राजा दशरथ र रानी कौशल्यावतीको ज्येष्ठ छोराका रुपमा रामको जन्म भएकाले रामनवमीका रूपमा मनाउने गरिन्छ । आजका दिन अशोकको फूल खानाले रोगव्याधि र शोक नाश हुन्छ भन्ने जनविश्वास छ ।

चैते दशैं शरद ऋतुमा मनाइने बडा दशैंमा जस्तो बाहिरी उल्लास र चहल पहल नभए पनि समग्रमा उल्लासमय हुने गर्दछ । यस दिन दुर्गा भवानीको पूजाआजा गर्ने र खास गरेर अष्टमी तिथिको दिन आफन्तजनसँग बसेरसँगै खानपिन गर्ने गरिन्छ । चैते दशैंलाई कतिपय ठाउँमा सानो दशैं भन्ने चलन पनि छ । पुराना कथनहरुका अनुसार पहिले-पहिले मुख्य दशैं चैतमा पर्ने गर्दथ्यो तर उक्त समयमा सुख्खा भएर खडेरी पर्ने, मौसम बदली साथै दशैंको गरिष्ठ भोजन अनि हिंडडुलले धेरै जना बिरामी परेपछि दशैंलाई वर्षाको मध्यमा सारिएको मान्यता छ ।

वास्तवमा दशैं भन्ने वित्तिकै दशमी भन्ने बुझिन्छ, तर फेरि नेपालमा दशैंको रौनक भने अष्टमीको दिन बली दिने कुराहरुमा केन्द्रित रहन्छ । चैते दशैंमा छोरी चेली लगायत दिदी बहिनीहरुलाई बोलाएर खुवाउने चलन पनि गाउँघरमा रहेको छ । पछिल्लो समयमा चाडपर्वको रौनकता र महिमा भने घट्दै गएको छ ।

प्रायः चैत महिना पर्ने यो चाड नेपालीहरुको विशेष महत्व रहेको छ । हाम्रो देशको संस्कृतिलाई जीवन्त राख्न चाड पर्वहरुको ठूलो महत्व हुन्छ । चाडपर्वले गर्दा भावानात्मक एकता ल्याउने मात्रै नभई संस्कार र परम्पराहरुलाई पर्वहरुले सुरक्षित राख्न टेवा पुग्दछ । नेपालमा रहेका विभिन्न चाडपवहरु मध्ये चैते दशैं पनि एक विशेष पर्व मानिन्छ । पर्व जुन सुकै समयमा मनाउने भएपनि यसलाई संरक्षण गरी नेपाललाई संस्कृति तथा चाडपर्वको धनी मुलुक बनाउन हरेक पर्वको संरक्षण गरिनु आवश्यक छ । यसो भयो भने मात्र चाडपर्व मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

## Opinion @ Social Network

सपना देख्नेहरू धेरै हुन्छन्,
पूरा गर्नेहरू कम।
*(माया सारुको फेसबुक स्टाटस https://www.facebook.com/saru.maya)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# स्वतन्त्रताका पक्षमा



प्राडा. शान्तिकृष्ण अधिकारी

*विकास प्रक्रियाको केन्द्र नै स्वतन्त्रता हो । (अमर्त्य सेन, नोबल पुरस्कार विजेता) आहार, निद्रा, भय र मैथुन यी चार कुराहरू पशु र मानवमा समान रूपमा रहेका हुन्छन् । पशुमा भन्दा मानिसमा अधिक रहेको भनेको एउटै कुरा हो-धर्म ।*

विकास प्रक्रियाको केन्द्र नै स्वतन्त्रता हो । (अमर्त्य सेन, नोबल पुरस्कार विजेता) आहार, निद्रा, भय र मैथुन यी चार कुराहरू पशु र मानवमा समान रूपमा रहेका हुन्छन् । पशुमा भन्दा मानिसमा अधिक रहेको भनेको एउटै कुरा हो-धर्म । धर्म अर्थात् कर्तव्य, राम्रो नराम्रो छुट्याउनसक्ने शक्ति, बुद्धि, विवेक आदि । कुन कुराले आफूलाई फाइदा गरेको छ र केका कारण हामी सधैं पछि पर्दै आयौं भन्ने पनि छुट्याउन सकिएन भने मानव हुनुको कुनै अर्थ हुँदैन । सही र गलतमा परख गर्न सक्नै पर्दछ ।

आजभोलिका सामाजिक सञ्जालहरूमा राजा भएका विश्वका विकसित देशहरूको नाम एकातिर र गणतन्त्र हुँदाहुँदै पनि गरिबीको चपेटामा पिल्सिएका देशहरूको नाम अर्कोतिर राखेर प्रचारप्रसार गर्ने काम भइरहेको छ । विकसित देशका ती राजाहरूले जनताका अधिकार कतिपटक खोस्ने प्रयास गरे ? आफूसँग नभएको अधिकार सिर्जना गर्न कुनै हरकत गरे कि गरेनन् ? संविधानभन्दा माथि रहन ती देशका राजाहरूले कतिपटक जननिर्वाचित सरकारहरूलाई अपदस्थ गरे ? र नेपालकाले के के गरे जस्ता कुराहरू राखेर नेपालको राजतन्त्रसंग तुलना चाहिँ गर्ने गर्दैनन् । लोकतन्त्र र लोकतन्त्रवादीहरूमाथि एकोहोरो प्रहार गर्ने मात्रै काम भइरहेको छ ।

पत्रकार, पत्रिका, लेखक वा कुनै सञ्चारमाध्यमलाई एकपक्षीय भएको आरोप लगाउन पऱ्यो भने आजभोलि १२ भाइको उपमा दिने चलन छ । पहिलोपटक राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले प्रयोग गरेका यी पदावली तिनै बाह्र भाइलाई भन्न परे १२ भाइ र तीदेखि बाहेकका अरूलाई समेत त्यसैमा मुछ्न परे १३औं भाइको दर्जा दिइन्छ । केही हप्ता यता आएर राजावादीहरू राजसंस्था पुन:स्थापनाको उद्देश्य लिएर सल्बलाई रहेका छन् । वैधानिक राजाको सपरिवार षड्यन्त्रमा परेर मारिएपछि राजा हुनपुगेका ज्ञानेन्द्र शाहलाई गद्दीमा पुन:स्थापित गरेमा नेपाल झलल हुने, आमनागरिकका मुहारमा हाँसो झल्कने र नेपालमा देखिएका यावत् समस्याहरू जादुमयी तरिकाले हराएर जाने उद्घोष गर्दै सडकदेखि सदनसम्म संघर्षमा उत्रिएका छन् । जनताको रगत र पसिनाबाट आर्जित लोकतन्त्रको समाप्तिबाट मात्रै देश र जनताको समृद्धि हुन्छ भन्ने गलत प्रचार गर्दै सोझा जनतालाई सडकमा उतार्ने प्रयास भइरहेको छ । मेरो कलम यसैका विरुद्धमा लगातार चलिरहेको हुँदा एक मित्रले मेरो एक लेखलाई एकपक्षीय भएको भन्दै १३औं भाइको उपमा दिएका छन् । अर्का एक मित्र छन्-जसले लोकतान्त्रिक व्यवस्था सञ्चालन गर्दा यसका सञ्चालकहरूले गरेका गल्तीहरू खोजीखोजी मलाई पठाइरहेका छन् । उनका लागि राजा भनेका विष्णु भगवान् नै हुन् र राजतन्त्रबाट भए गरेका गल्ती कमजोरीहरू कुनैका बारेमा पनि बोल्नु, लेख्नु महापाप हो भन्ने सन्देश मलाई दिन खोजिरहेका छन् । नेपालमा लोकतन्त्र प्राप्त भएपछि एउटै राम्रो काम भएको छैन र यसबाट मुलुक डुब्नेबाहेक केही हात लाग्दैन भन्ने उनको विचार छ । सडकमा राजावादीहरूले जे गरे पनि त्यसलाई सबैले सहर्ष स्वीकार गर्नुपर्ने र उनीहरूका जस्तासुकै कर्तुतहरूका बारेमा पनि दोष सबै सरकारलाई दिनुपर्ने प्रचारप्रसार गर्न व्यस्त छन् । जे होस्, यी दुवै मित्रलाई मेरा विचार पढेर मलाई सचेत गराउने काम गरेकोमा धन्यवाद दिनै पर्दछ तर उनीहरूको विचारले कस्तो कुराको प्रतिनिधित्व गर्दछ भन्ने पनि ख्याल राख्न जरुरी छ ।

लोकतान्त्रिक सरकार सञ्चालनका सन्दर्भमा कुन दलले कति काम गऱ्यो र कुन दलले कति काम बिगाऱ्यो भन्नेमा लेखकहरू सन्तुलित हुनै पर्दछ । सरकारका गतिविधिहरूका बारेमा जनतालाई सुसूचित गर्दा र उत्पन्न घटना परिघटनाका बारेमा विचार विश्लेषण गर्दा सबै पक्ष केलाउन जरुरी हुन्छ नै । एउटा दलको सबै नराम्रा कार्य र अर्का दलका सबै राम्रा उपलब्धिका बारेमा मात्रै उजागर गरियो भने निश्चय त्यो पक्षपात ठहर्छ र यसो गर्न हुँदैन । गुहु र गोबरका बीचमा कुन उपयोगी भनेर कसैले सोध्यो भने बारीमा मल हाल्न त गुहु काम लाग्ला तर गोबरकै पक्षमा सबैको व्याख्या एकोहोरिनेमा कुनै शंका छैन । मानिसको दिसा हालेर तरकारी त फष्टाउन सक्छ तर पनि त्यतातिर कमैको ध्यान आकृष्ट हुन्छ ।

मानिसका लागि सबैभन्दा प्यारो चिज स्वतन्त्रता हो । आफ्नो स्वतन्त्रतालाई बन्धकी राखेर कोही रमाउन चाहन्छ भने उसमा केही न केही कमजोरी छ भन्ने ठान्नुपर्दछ । आमाको गर्भमा छउञ्जेल मानिसले जति बन्दी भयो त्यतिमात्रै उसको बाध्यता हो अन्यथा बाहिर निस्केपछि प्रकृतिले नै उसलाई स्वतन्त्र बनाइदिएको छ । अधिकारसहितको स्वतन्त्र नागरिकभन्दा कसैको निरंकुश शासनअन्तर्गतको रैती हुन रहर गर्नु कदापि ठीक हो भनेर बोल्न सकिन्न, न लेख्न नै सकिन्छ । त्यसैले राजावादीहरूले राखेका मागमा उद्गम विन्दुदेखि नै स्वतन्त्रताप्रेमीहरूको असहमति हुने भएकाले एकपक्षीय हुनु स्वाभाविक नै हुन्छ । मान्छेको मात्रै के कुरा गर्नु । हरेक प्राणी स्वतन्त्रताकै पक्षधर हुन्छ । पिँजडामा थुनेर राखेको सुगालाई पिँजडाको ढोका खोलिदिने हो भने ऊ फुत्केर उड्छ । आकाशमार्ग हुँदै जंगलतिर लागेपछि त्यो सुगा फर्केर आउला भन्ने कुनै आश हुँदैन । सुगाको मालिकले बिहानैदेखि उसलाई चाहिने खाजा, खाना, पानी आदि सबै व्यवस्था गरिरहेको हुन्छ । बरू आफूले समयमा खानाखान पाउँदैन होला तर सुगाका लागि कत्ति पनि तलमाथि नहुने गरी व्यवस्था मिलाउँछ । घरका परिवारका बीचमा कहिलेकाहीँ झगडा पर्ला, ठूलाले सानालाई गाली गर्लान् तर सुगालाई भने त्यो घरमा रहेका सबैले पट्ठु भन्दै अति माया गरेका हुन्छन् र पनि त्यो सुगा किन फर्किंदैन ? स्वतन्त्र भएपछि त्यही अन्न जुटाउन बिहानदेखि बेलुकासम्म कति मिहिनेत गर्नुपर्छ, शिकारीको जालमा पर्ने उत्तिकै डर हुन्छ र पनि सुगाले किन स्वतन्त्रता नै रोजेको होला ? फेसबुकमा राजतन्त्रको रोइलो गर्ने मित्रहरूले बुझेकै हुनुपर्ने हो । चिडियाखानामा बाघ भालुहरू थुनिएका हुन्छन् । जनताबाट कर उठाएर राज्यले चिडियाखानाका ती पशुहरूलाई ठीकठीक समयमा खुवाउने गर्दछ । जंगलमा हुँदा कति दिन उनीहरूले शिकार गर्न नसक्दा भोकभोकै रात बिताउँछन् । आफूभन्दा शक्तिशाली अर्को जन्तुको आक्रमणमा पर्ने त्रास उनीहरूलाई उत्तिकै हुन्छ तर चिडियाखानामा सुरक्षा व्यवस्था बलियो पारिएको हुन्छ । यति हुँदाहुँदै पनि ती पशुहरूसमेत त्यहाँबाट फुत्कने उपाय नै सोचिरहेका हुन्छन् । उनीहरूलाई त्यहाँ कहिले राँगाको, कहिले खसीको, कहिले कुखुराको आदि-आदि परिवर्तन गरी दिइएको खानामा स्वाद परेको हुँदैन । एक दिन मारेको एउटा जन्तुको मासु सात दिनसम्म खानमै उनीहरू मजा मान्दछन् ।

केही सोझा पशुहरू भने फर्केर खोरमा आउने पनि गर्दछन् । घरमा पालेका गाइभैंसीहरू बिहान फुकाएर जंगल पठाइदिए पनि बाटो बिर्सेनन् भने गोठतिरै फर्कन्छन् । गाउँघरतिर खसीबोकाहरू फुकाएर चर्न छाडे पनि खोरतिरै आउने गर्दछन् । भोलि यिनीहरूले मलाई काट्छन् या काट्ने मान्छेलाई बेच्छन् भन्ने थाहा पाउन सकेको भए यिनीहरू शायदै फर्कन्थे होलान् । आफ्नो मालिकको नियत र मलिकले आफूलाई पाल्नुको रहस्यका बारेमा ती पशुहरूलाई ज्ञान भएको भए दाम्लोबाट फुत्किएपछि निश्चय अर्कै गन्तव्यको निर्धारण गर्थे होलान् । आफ्नै आँखाअगाडि सँगै खोरमा हुर्किएको साथी काटिएको देख्दा पनि खसीबोकाले थाहा पाएका हुँदैनन् होला । मालिकको उद्देश्यका बारेमा आँखाले देखेको घटनाबाट पनि उनीहरूलाई ज्ञान मिल्दैन होला । उनीहरूमा यो शक्ति प्रकृतिले दिएको छैन जस्तो लाग्दछ तर मानिसलाई भने सत्य के हो, असत्य के हो, ठीक के हो, बेठिक के हो छुट्याउने शक्ति प्रकृतिले दिएको छ । आगोले पोल्छ भन्ने मानिसलाई राम्रैसँग थाहा छ र पनि पटकपटक आगामै हात हाल्ने प्रयास गरिरहन्छ भने त्यसलाई के भन्ने मलाई जानकारी छैन । त्यही खसीबोका जस्तै खोरमा फर्किने हो भने मेरो भन्नु केही छैन ।

लोकतन्त्रले मानिसलाई मानिसका रूपमा जिउन सिकाउँछ । अधिकारको उपयोग गर्दै स्वतन्त्र जीवनशैलीमा बाँच्न सिकाउने व्यवस्था लोकतन्त्र नै हो । आफूमाथि आफ्नै शासन चल्छ र धर्तीमा अर्कोको जति अधिकार छ, तिम्रो पनि त्यत्तिकै अधिकार छ भन्ने ज्ञान लोकतन्त्रले नै दिलाउँछ । सत्ता र शक्तिका आडमा तिमीमाथि कसैले नियन्त्रण गर्ने प्रयास गर्छ भने त्यसको प्रतिकार तिमीले गर्नुपर्दछ भनेर पढाउने लोकतन्त्रले नै हो । देशको शासन व्यवस्था सुव्यवस्थित गर्न व्यवस्थापकका रुपमा सरकार छान्ने अधिकार तिम्रो हो र तिमीलाई नपचे परिवर्तन गर्न सक्छौ भनी जनतालाई चेतना दिलाउने काम लोकतन्त्रले नै गर्दछ ।

लोकतन्त्रमा स्वतन्त्रताका नाममा उच्छृंखलता नपलाएको भने होइन । लोकतन्त्रका माध्यमबाटै निरंकुशतातिर प्रवेश गर्ने प्रयास कुनै-कुनै शासकहरूले नगरेका पनि होइनन् । लोकतन्त्रका नयाँ राजा, महारानी, युवराजहरू जन्मने प्रयास नभएको होइन तर यी सबैलाई हैसियत बताइदिने काम पनि यही लोकतान्त्रिक व्यवस्थामै भएको छ । आज गद्दीमा बसेर शासक झैं हुंकार गर्दै आफूलाई बेग्लै संसारबाट आए झैं फुर्तीफार्ती गर्नेहरू जेलका चिसा छिँडीमा बस्न पुगेको पनि देखेकै छौं । समय लाग्ला तर दोषी उम्कन नदिने व्यवस्था यही लोकतन्त्र नै हो ।

आफूमा निहित अधिकार कोही एकजनामा लगेर बिसाउने कुरामा कदापि समर्थन जनाउन सकिँदैन । नागरिकबाट पुन: रैतीमै परिवर्तीत हुने चाहना मानिसले राख्नै सक्दैन । विश्वेश्वरप्रसाद कोइरालाले जहिले पनि भन्ने गर्नुहुन्थ्यो-मानिस ब्रेडबाट होइन, ब्रेनबाट सञ्चालित हुनुपर्दछ । कसैको भक्तिगानबाट जीवन धान्ने व्यवस्थाको पक्षधर भएर साँझ बिहानै खीर खानुभन्दा स्वतन्त्रतासहितको एकछाक ढिँडोमा रमाउनु नै मानवीय स्वभाव हो । खान बस्न त कुनै अपराध गरे जेलमा मजैले पाइन्छ । लोकतन्त्र पुन:स्थापित भएपछि पलाएका विकृतिमा मात्रै ध्यान जाँदा सबै बिग्रिए जस्तो भएको हो । मानिसमा पलाएको चेतना, नेपाली जनताको जीवनस्तरमा आएको परिवर्तन, जनताको बढेको ऋयशक्ति आदि तिर हेर्ने हो भने लोकतन्त्रले सन्तुष्टि दिन्छ । यदाकदा देखिएका विकृत मानसिकतालाई पराजित गर्ने र सच्चा लोकतन्त्रवादीहरूका हातमा सत्ता सुम्पने अधिकार त जनतामै निहित छ । भ्रष्टाचार गरेकाहरूलाई विसं २०८४ को चुनावमा हराइदिऔं न, टन्टै खलास ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल


| | |
|---|---|
| **मेष** : काममा केही अवरोध आउन सक्छ। धैर्य गर्नुहोस् । | **तुला** : व्यवसायमा लाभ मिल्नेछ। आत्मीय व्यक्तिबाट खुशीको खबर सुन्न पाइनेछ। |
| **वृष** : पारिवारिक खुसी मिल्नेछ । आर्थिक पक्ष बलियो बन्दै जान्छ । | **वृश्चिक** : पुराना समस्या समाधान हुनेछन्। मन शान्त रहनेछ। |
| **मिथुन** : सावधानी अपनाउनुहोस् । खर्च बढ्ने सम्भावना छ। | **धनु** : सहयोगी मित्रसँग समय बित्नेछ। नयाँ योजना बन्नेछ । |
| **कर्कट** : कामको चाप बढ्न सक्छ। स्वास्थ्यमा सन्तुलन राख्नुहोस् । | **मकर** : पारिवारिक जिम्मेवारी बढ्नेछ। नयाँ काममा सफलता मिल्नेछ । |
| **सिंह** : सहकर्मीको सहयोगले काम सजिलो हुनेछ। यात्राको योग पनि देखिन्छ । | **कुम्भ** : धेरै प्रयासपछि सफलता मिल्नेछ। समयलाई सही ढंगले व्यवस्थापन गर्नुहोस्। |
| **कन्या** : सामाजिक प्रतिष्ठा बढ्नेछ। आत्मबल बढ्न सक्छ। | **मीन** : मन रमाइलो हुनेछ। घरायसी वातावरण सुखद रहनेछ। |

# साहित्य दर्पण

पुस्तक समिक्षा ● धीरकुमार श्रेष्ठ

## ‘नौला शिक्षकहरू’का नौला अनुभव

जीवनमा सिकाइ चलिरहन्छ । जीवन प्रारम्भ भएदेखि अन्त्य नभएसम्मको निरन्तरको क्रम हो यो । यसका लागि उपयुक्त पात्रहरूसँग भेट भइरहन्छन् । एउटा जान्छ अर्को आउँछ । यो प्रकृतिको नियम हो । जीवनमा यिनीहरूले कुनै न कुनै कुरो कुनै कुनै तवरले सिकाइरहेका छन् । कति सिकाइ जानकारीबिना भइरहेका हुन्छन् । कति सिकाइ जानकारीमा आउँछन् र तिनले अनुभव तथा अनुभूतिका माध्यमबाट अभिव्यक्तिने अवसर पाउँछन् । केवल यस्ता सिकाइलाई पर्यवेक्षण गर्न सक्ने दृष्टि आवश्यक पर्छ । यसो भयो भने सिकाइ देखाउन लायक हुन्छ ।




यस्तै देखाउन लायक सिकाइ लिएर आएका छन् ज्ञानेन्द्रराज काफ्लेले नौला शिक्षकहरू (२०८१) मार्फत् । यसमा स्वदेशदेखि विदेशका भूमिमा भेट भएका पात्रहरूले काफ्लेलाई केही न केही सिकाइरहेका छन् । तिनै सिकाइलाई आख्यानीकृत गरेर प्रस्तुत गरेका हुन् यिनले यस कृतिमा । केन्द्रीय पात्रीकृत रूपमा नायकलाई लामो आख्यानमा प्रस्तुत गरे पनि कतिपय सन्दर्भमा काफ्ले आफै पनि समाहित भएका छन् । यिनको आफ्नै अनुभव र अनुभूति पनि नायकमा घुलनशील रूपमा प्रस्तुत छ । यो स्विकारोक्ति स्वयम् काफ्लेको हो । स्वदेश, परदेश र पुन: स्वदेशको स्थानिक परिवेश एवम् २०४६ सालपूर्व र पश्चात्को समयविन्दुमा अभिलिखित नौला शिक्षकहरू जीवनको सारलाई दार्शनिक एवम् बौद्धिक रूपमा प्रस्तुत गर्न उद्द्त छ । जीवन अडबाङ्गे छ । यसले मानिसलाई सिकाउँछ । यो सिकाइ जन्मदेखि मृत्युसम्म जारी रहन्छ । जगत् मिथ्या र भ्रमयुक्त छ । यद्यपि बाँच्नका लागि सैर्ष अपरिहार्य छ । जीवन मृगतृष्णायुक्त भए पनि यसलाई सुखपूर्वक जिउने यत्न हुनुपर्छ । यस्ता जीवनदर्शन यस कृतिका केन्द्रीय स्वर हुन् । यसदेखि बाहेक पनि अनेकौं जीवनदर्शन र वैचारिकताहरू छन् । यसले गर्दा लाग्छ यो वैचारिक शृङ्खलाहरूको दस्तावेज हो । साहित्यलाई सर्वाधिक महत्त्व प्रदान गर्दै स्वदेशलाई यसको भण्डारका रूपमा प्रस्तुत गरिएको छ ।

लक्ष्मीप्रसाद देवकोटाले ‘के नेपाल सानो छ ?’ मा वाग्नर कोदालो खनिरहेछन्, शेक्सपियर हलो जोत्दा हुन, टर्नर भेडा चराउँदा हुन्, सोक्रेटिज गुफामा घोत्लिरहेका होलान् भनेझैं काफ्ले पनि नेपालमै राजनेता, दार्शनिक, कवि, कलाकारहरू यहीं गाउँमा छरिएर बसेको पाउँछन् । यसै गरी काफ्लेको नौला शिक्षकहरूमा नायक र नायिकाका बीचको प्रेमसम्बन्ध पढ्दै गर्दा लैनसिंह वाङ्देलको माइतघरको सम्झना हुन्छ । माइतघरमा दाजुबहिनीको सामाजिक नाताभित्र हुर्किरहेको प्रेमीप्रेमिकाका बीचको सम्बन्ध वियोगमा गएर टुङ्गिन्छ । यहाँ संयोगमा टुङ्गिन्छ । फरक यति छ ।

पात्रबहुल रूपमा अभिलिखित कृति जीवनीपरक देखा पर्छ । केन्द्रीय पात्रको आत्मन्यास त छँदै छ । यसका साथै यसमा प्रयुक्त कतिपय पात्रका जीवनी सङ्क्षिप्त रूपमा एकपछि अर्को गर्दै आउँछन् र तिनले पूर्णता प्राप्त नगर्दै बिचैमा टुङ्गिन्छन् पनि । यिनै पात्रहरू नै वास्तवमा कुनै न कुनै रूपका शिक्षक अर्थात् गुरु हुन् । किनभने तिनले जीवनको एउटा न एउटा दिशानिर्देश गर्छन् । सात खण्डमा खण्डीकृत कृतिमा पहिलो र अन्तिममा आख्यानकार स्वयम् देखा पर्छन् भने बाँकी खण्डमा केन्द्रीय पात्रको आत्मवृत्तान्तलाई वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ । आख्यानको गति देख्दा पहाडी भिरपाखा छिचोलिसकेर समथर मैदानमा पुगेको नदी जसरी स्थिर, गम्भीर र भलादमी पाराले अघि बढ्छ उसै गरी यो आख्यान अगाडि बढेको छ । चुनौति उपस्थित गर्ने द्वन्द्वको अभाव छ । तनावले पनि गम्भीर समस्या उत्पन्न गरेको छैन ।

खलपात्रीयताको प्रवेश नाम मात्रको छ । त्यसले विस्तृति प्राप्त गर्न सकेको छैन । यसको प्रारम्भ र अन्त्य लगभग सँगसँगै भएको छ । विदेशी भूमिमा बस्न आवश्यक पर्ने अनुमति प्राप्त गर्न एकपछि अर्कोसँग विवाह गरेकीसँग कागजी विवाह गरी यातनापूर्वक बस्न बाध्य हुनुपर्दाको कष्टजन्य परिस्थितिका कारण द्वन्द्वजन्य परिवेशले कृतिमा प्रवेश पाएको त छ । तर यस प्रसङ्गले आवश्यक आयतन प्राप्त गर्न सकेको छैन । यद्यपि स्वदेश एवम् विदेशका कतिपय प्रसङ्गका सन्दर्भमा प्रस्तुत तर्कशील अभिव्यक्तिले पाठकलाई सोचनीय अवस्थासम्म पुर्याउँछ । देशीय र ग्रामीण एवम् शहरी भिन्नतालाई प्रस्तुत गर्ने सन्दर्भको तुलनीयता भने यस कृतिमा प्रस्तुत छ ।

यिनै कतिपय कारणले गर्दा यस कृतिको विधानिर्धारणमा एकरूपता देखा पर्दैन । कृतिकार कथान्यास भन्छन् । भूमिकाकार आख्यान भन्न रुचाउँछन् । कृतिको प्रारम्भमै कृतिकार पाठकलाई दैनिकी पढ्ने आग्रह गर्छन् । कृतिभित्रै प्रवेश गर्दा भने निबन्ध, संस्मरण, दैनिकी, प्रतिवेदन, आत्मन्यास, कविता, लोककाव्य आदिका विविध रूप फेला पर्छन् । एउटै कृतिभित्र यतिविधि विधागत उपस्थिति देख्दा भने सहजै बोध हुन्छ, यहाँ विधामिश्रण छ । अन्तर्विधात्मक मिश्रणको समन्वित रूप हो यो कृति । यद्यपि कृतिको प्रारम्भदेखि अन्त्यसम्म आख्यानको अस्तित्व कुनै न कुनै रूपमा जीवन्त छ । यसर्थ आख्यानकै कोटीमा राख्नु समीचीन हुन्छ । बरु यसभित्र समाविष्ट बहुल पात्र र तिनका फरक फरक आख्यानका कारण केन्द्रीकृत आख्यानका साथै ती प्रत्येकबाट एक एकओटा कृति निर्माण हुन सक्छ । यही कारण यसलाई महाआख्यान भन्दा पनि युक्तिसङ्गत हुन्छ । यी आदि सबलताका अतिरिक्त शुद्धाशुद्धि र व्याकरणका कतिपय नियमको अनुपालना बेला कुबेला ठाउँ कुठाउँ खट्किन्छन् । लेखनमा रागात्मकताले प्रवेश पाएको भए कृतिको पठनमा प्रवाह कायम हुन्थ्यो भन्ने लागिरहन्छ । आख्यान भनिए पनि आख्यानीकरणले पूर्णता पाउन सकेको भए कृति अझ दमदार हुने थियो । द्वन्द्व विकास र त्यसको समुचित व्यवस्थापनका प्रयत्नतर्फ अग्रसर भएको भए कृतिमा औत्सुक्य सिर्जना भएर आकर्षण थपिने थियो । ठाउँ ठाउँका पुनरुक्तिउपर कुचो लगाउन सके कृतिको आँगन सफा चम्किन्थ्यो । यद्यपि कृति प्रकाशन र सार्वजनिक गर्नकै लागि विदेशदेखि स्वदेशको भूमिमा पाइला टेक्न आउनुले साहित्यिक पर्यटनको ढोका उघारिदिएको तथ्य सम्झन लायक छ । यसका साथै कृतिकारको कृति निर्माण र प्रकाशनको प्रयत्न प्रशंसनीय छ । आगामी दिनमा अब्बल कृति निर्माण हुन अवश्य पनि यसले आधारभूमि प्रदान गर्ने नै छ ।

*-साहित्यपोष्ट डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा


निबन्ध ● डा. टीकाराम पोखरेल

## मान्छेको मूल्य !

मान्छेको मूल्य कति हो ? परीक्षाको उत्तरपुस्तिकामा लेख्ने गरी यसको उत्तर पाउन सकिएको छैन । त्यसो त मान्छेको मूल्य नै हुन्छ कि हुँदैन भन्ने नै पनि बहसको विषय छँदैछ । भौतिकवादी युगमा हरेक कुरालाई मूल्यमा मापन गरिने हुँदा मान्छेको मूल्य नै हुँदैन भन्न पनि सकिँदैन । प्राकृतिक प्रकोपमा लाखौं, करोडौं वा यति र उति धनजनको क्षति भयो भनिन्छ । ‘जन’ अर्थात् मान्छेको क्षति हुन्छ भने क्षति हुने कुराको मूल्य पक्कै हुन्छ । मूल्य नहुने कुराको त के को क्षति ? विज्ञानका दृष्टिमा कुनै वस्तुको परिमाण मापन गरिन्छ भने त्यो नै त्यसको मूल्यको आधार हो ।

मान्छेको मूल्य छ, त्यसोभए मान्छे बिक्री हुने हाटबजार कहाँ लाग्छ ? जिज्ञासा अस्वाभाविक छैन । प्रचीन कालमा मानिसलाई दासदासीको रुपमा खुलमखुला विक्री गर्ने गरिएको भन्ने इतिहास पढिए पनि आज त्यस्तो हाटबजार लाग्ने स्थान पाइँदैन भन्ने आदर्श विश्वास छ । यद्यपि खुलमखुला नभए पनि विश्वका कुनाकाप्चामा कुनै न कुनै रुपमा मान्छे आज पनि विक्री भइरहेको छ । खाली खुला बजार नभएको मात्र हो ।

मानिसको भौतिक विक्रीको जमाना सकियो भनेर एकछिनलाई मान्ने हो भने पनि मान्छेको किनबेच रोकिएको छैन । कानुनले त विक्री रोक्यो, तर मान्छे आफैं कुनै न कुनै रुपमा विक्री भैरहेको छ । इतिहासमा शक्तिशाली मान्छेले शक्तिहीन मान्छेलाई बेच्थ्यो । आधुनिक जमानामा भने मान्छे परिस्थितिको दास भएर स्वयम्ले स्वयम्लाई विक्री गरिरहेको छ । मानिस विक्री नै हुन्छ भन्ने हो भने मानिसको मूल्य कति हो त ? तरकारीको भाऊ सिजन अनुसार फरक भएजस्तो परिस्थिति अनुसार मान्छेको मूल्य फरक हुने गर्छ । मानिस मर्दा मानिसको मूल्य कति हुन्छ ? त्यसबेला आँसुले बताउँछ मानिसको मूल्य । जति धेरै आसुँ त्यति धेरै मूल्य । जसको लागि धेरै आँसु झारिन्छ, चाहे त्यो व्यक्तिप्रति आँसु झार्नेको श्रद्धाले, मायाले वा आवश्यकता जेसुकैले किन नहोस् । आँसुमा मानिस साटिन्छ । आसुँ झारेर मरेर गएको मानिसको मूल्य चुक्ता गरिन्छ । जसरी सहिदहरुका मूल्य मौनधारणमा गएर टुंगिन्छ । त्यसो त आजकलका सहिदको मूल्य मौनधारणले मात्र पनि चुक्ता हुँदैन । सहिदको मूल्य आजकल बढेको छ । आजकलका सहिदले पाउने १० लाखको मूल्य हेर्दा लाग्छ, गंगालाल, दशरथ चन्द, धर्मभक्त र शुक्रराजहरुको योगदान खै ? खै तिनीहरुले १० लाख लिन सकेका, सायद ती साना सहिद हुन् । १० लाखमा विक्दैनन् तिनीहरुका योगदान । आसुँको मूल्यकै कुरा गर्ने हो भने ती चार शहिदका सन्तानले कति आँसु बगाए होलान्, उनीहरुले मात्र होइन, आजसम्म नेपालीहरुले उनीहरुप्रति श्रद्धा व्यक्त गरेर उनीहरुको मूल्यको गान गाइरहेका छन् । तर १० लाखे सहिदहरुले ती सहिदहरुलाई अवमूल्यन गरिरहेका त छैनन् ? यसको उत्तर आन्दोलनमा मर्नु अगाडि नै मरेमा ५० लाख पाउने छौ भनी मूल्य तोक्नेहरुले भन्न सक्लान कि नसक्लान् ? फेरि मृत्युको मूल्यकै कुरा । मान्छेको मृत्युको मूल्य कति ? एउटै मान्छेलाई राज्यले मार्‍यो भने कति, त्यहि मान्छेलाई सवारी चालकले मार्दा ? अनि अपराधीले मार्दा नि ? साँच्ची आफैं दुर्घटनामा मरेको मान्छेको मूल्य कति हुन्छ ? सरकारले मार्दा मान्छेको मूल्य आन्दोलनले तोक्छ । जति ठूलो आन्दोलन र विरोध त्यति धेरै मूल्य । सवारी चालकले मान्छे मारे पनि आन्दोलन नै हो मूल्य असुल उपर प्रक्रिया । दुर्घटनामा मान्छे मरेछ भने बीमा कम्पनीले तोक्छ मृतकको मूल्य । अझ भनौं म मरें भनी यति तिर्नु भनी आृनो मूल्य आफैं तोकेर दुर्घटनामा पर्छ मान्छे । बीमा गरेको रहेछ भने मूल्य पाउँछ, रहेनछ भने उही परिवारको आँसु हो उसको पनि मूल्य ।

कुनै अपराधीले निरपराध मान्छे मार्दा मूल्य आँसु बाहेक केही हुन्न । कहिलेकाहिँ आतंककारीको नाममा टाउकोको मूल्य तोकेको पनि नसुनेको होइन । त्यसो त आतंककारीको त ठूलै पो हुन्छ त मूल्य । नेपाल जस्तो गरिब मुलुकमा शरीर बाहेकैको टाउकाको मूल्य ५० लाख तोकिएको सुनिएको हो । यो दशक अगाडिको कुरा हो । अहिले कसैलाई आतंककारी घोषणा गरेर टाउकोको मूल्य तोके कति करोड पर्ला ? बजार भाउ त निकै बढिसक्यो । डनहरुले मान्छे मार्न सुपारी तोक्छन् भनेको समाचार पढिन्छ । तर त्यसको मूल्यको त कुनै सीमा नै छैन । हजारदेखि लाख हुँदै करोडसम्म । हुनसक्छ अब कुनै दिन डनहरुले मान्छे मार्न अरबको कबुलेको कुरा सुनिएला । अस्पतालमा मान्छे मर्छ, पैसामा कुरा मिल्छ । मर्छ एक, मोल तोक्ने अर्कै हुन्छ । गाडीले मान्छे किच्छ, लास सडकमा तेर्सेर मूल्य खोज्छ । सडकले गर्छ मान्छेको मूल्य निर्धारण । ल हेरौं त, मान्छे मर्नु त मर्नु नै हो । तर हेर्नुस् त मृत्युका मूल्य कति फरक ?

मरेका टाउकाका मात्र होइन जिउँदा टाउकाका पनि मूल्यहरु छन् । एउटा नेताले जनताको भोटको काउण्ट गरेर आृनो पद सुनिश्चित गर्छ । मानौं उसको पदका लागि जनतारुपी मूल्य तिरिन्छ । कुनै विद्यालय मालिक आृनो विद्यालयमा विद्यार्थीका टाउकाको मूल्य गन्छ र आृनो विद्यालय सानो कि ठूलो भनेर निर्धारण गर्छ । कुनै पार्टी वा संगठनको मूल्य उसका क्रियाशील सदस्य संख्याले निर्धारण गर्छ । यो बाहिरी टाउकाको मूल्यको कुरा भयो । त्यसो भा भित्री टाउकाको नि ? आजकल विचारको मूल्य, चेतनाको मूल्य, इच्छाको मूल्य, चाहनाको मूल्य, तनको मात्र होइन मनको पनि मूल्य चलेको छ । तपाईं विचारलाई तिलाञ्जली दिनुस् नगद मिल्छ, चेतनाहीन बन्दिनुस्, दास बन्न पाउनुहुन्छ, दास बनेपछि कतै न कतै फाइदा हुन्छ, फाइदा नै तपाईंको मूल्य हो । दास भन्दा अलि अप्रिय लागे निगाह बक्स हुन्छ तपाईंमाथि भनेर बुझ्नुस् । इच्छा र आकाक्षाहरु दबाउनुस् जिउँदो लास जस्तो भएर लासको मूल्यमा विक्री हुनुस् । मन एकातिर भए पनि अर्कातिर लागेर सहमति र सम्झौताको नाममा झुक्नुस्, मिल्छ केही न केही ।

त्यसो भए आजकल मान्छेको कहाँ छैन मूल्य । जहाँ पनि छ, खाली बेच्न मात्र सक्नुपर्छ मान्छे, अनि किन्न मात्र सक्नुपर्छ मान्छे । हेर्नुस् त बैंकका क्यासियर, रेष्टुराका वेटर र जहाजका एयरहोष्टेजहरुले हाँसोको पनि मूल्य लिइरहेका छन् । सेवाग्राही सेवाको मात्र होइन हाँसोको पनि मूल्य तिर्छन् । उनीहरुको व्यवसायिक भाषामा त्यो रणनीति हो । हाँसोका मात्र हो र, आजकलत त अलिकति सुन्दरताको पनि मूल्य जोडिन्छ, जानिँदो नजाँनिदो पाराले । अघोषित हुन्छ भनौं त्यो । दाइजो ल्याउनेले आफू दाइजोमा किनिँदा र बेचिँदाको मूल्य कति बुझ्छ कुन्नि । जागिरमा मासिक तलब लिँदा मान्छेको मूल्य र श्रमिकले दिनभरि काम गरेर बेलुका श्रम बुझ्दाको मान्छेका कुनै न कुनै प्रकारका मूल्य नै हुन् । ठाउँअनुसारका फरक मूल्यहरु । श्रमिकको श्रमको मूल्यलाई रोबर्ट र मेशिनको युगले मूल्यहीन त बनाउँदैन । कतै मान्छेले आृनो मूल्यका लागि मेशिनसँग प्रतिस्पर्धा गर्ने युग त सुरु भएन । यसो भए विज्ञान र प्रविधिले त मान्छेको मूल्यमा ह्रास पो ल्यायो कि ?

साँच्ची अनशन बसेको मान्छेको मूल्य कति हुन्छ ? डा. केसीहरुको अनसनको मूल्य सरकारले पटक पटक तिरिरहेको छ । नन्दप्रसादहरुको अनशन कौडीको भाउमा पनि बिकेन । सायद दशवर्षे द्वन्द्वमा मान्छेको मूल्य यस्तै दिग्भ्रमित भयो । द्वन्द्वमा मान्छेको मूल्य भ्रम हो कि त्रास हो । देश बदल्ने भ्रममा होनाहार युवा द्वन्द्वमा हामियो र मर्‍यो । उसले देश बदल्नुको त कुरा परै जाओस् परिवार पनि बदल्न सकेन । बरु कुनै आफूभन्दा उपल्लो तहको नेताको जीवन चाहिँ बदलिदियो । क्या मिठो भ्रम थियो त्यतिबेला बदल्ने र बलिदानी गर्ने । के यसमा मान्छको मूल्यहरु थिएनन् ?

वेश्यालमा मान्छेको मूल्य कति हुन्छ । त्यहाँ विक्ने बिकाउने र किन्ने, किनाउनेका मूल्यहरु कसरी निर्धारण हुन सक्लान् । मूल्य रकममा खोज्ने हो कि विक्ने, विकाउने, किन्ने, किनाउनेहरुको मर्यादामा हो ? बेश्या बन्ने र वेश्यागमन गर्नेको मूल्य के फरक होला ? तर श्रम बेच्ने, शरीर बेच्ने, शरीरको मृगौला बेच्नेहरु बीचका मूल्यमा फरक भने पक्कै होलान् नि । तर यी सबैका मूल्यहरुमा बुझाइमा के एकरुपता होला र ? भनिन्छ, प्रेम अमूल्य हुन्छ । त्यसो भए प्रेमको विपरीत घृणाको मूल्य नि ? मान्छेको आसा, विश्वास र भावनाको मूल्य कति हो भनेर कसैलाई प्रश्न गरे कल्पना गरौं त कस्ता कस्ता उत्तर आउलान् ?

आजको मान्छे पैसामा बिनियम भएको पक्कै हो । मान्छेको मूल्यभन्दा पैसाको मूल्य बढी छ । पैसा मान्छेका लागि होइन, मान्छे पैसाको लागि भयो । पैसाको दास हो मान्छे । यसले गर्दा आजको मान्छेले नै मान्छेको मूल्य अवमूल्यन गर्दैछ । मान्छेको मूल्यमा ह्रास आएको छ । धर्म भन्छ, सबै सत्ता भगवानको हो । मान्छे निमित्त मात्र हो । द्वन्द्वात्मक भोतिकवादले यो कुरा अस्वीकार गरोस् भलै, उसले श्रमजीवीको वकालत गरोस् भलै । तर मान्छेको मूल्य खिँइदै गएको छ । शहरमा उउटा कोठामा बस्नेले अर्को क्ठाको मान्छे चिन्दैन । एकको लागि न अर्को रुन्छ न हाँस्छ । त्यसो त आजको मान्छे आृनो लागि समेत रुन, हाँस्न र बाँच्न सक्तैन, त्यस्तो मान्छे अरुका लागि के रोला, के हाँस्ला, के रोला ? त्यस्तो मूल्यहीन मान्छेको लागि अरुले आँसु बगाउनु पनि बालुवामा पानी नै त हो । यहाँ मान्छे जन्मँदैन मात्र, मर्छ पनि । भनिन्छ, मान्छेले बाँचुन्जेल ३ कुरामाथि असाध्यै मोह राख्छ रे, नाम, कपडा र घर । मान्छे मरेपछि उसको नाममा स्वर्गीय विशेषण लाग्छ, उसका कपडाहरु कात्रोमा परिणत हुन्छन्, मसानघाट उसको बस्ने घर हुन्छ । तर मान्छे नमर्दै किन आृनो मूल्य घटाउँछ ? मान्छको मूल्यमा आएको ह्रास हो कि मूल्यहीन नै भएको हो मान्छ ? मान्छेलाई किनबेच गर्न पाइँदैन, त्यसैले मान्छेको मूल्य नै हुँदैन भन्छ, कानुन । कानुनले नभनेर के गर्नु आज पाइलापाइलामा मान्छे खरिद विक्री भैरहेको छ भन्छ, व्यवहारवादी दृष्टिकोण । तर दर्शनले भन्छ, मान्छेको कुनै मूल्य नै छैन, मूल्यहीनको मूल्यको के कुरा गर्नु ? त्यसो भए आखिर मान्छेको मूल्य कति हो ? जसले जति, जति, जुन तरिकाले, जुन परिवेशमा बुझ्छ त्यति नै मान्छेको मूल्य हो । उत्तरपुस्तिकामा लेख्न मिल्ने उत्तर चाहिँ आयो कि आएन कुन्नि ?

*-समकालीन साहित्य डटकम*

# आज चैते दशैं पर्व मनाइदैं




**पाल्पा, चैत २२**/नवदुर्गा भवानीको पूजा आराधना गरी आज चैते दशैं मनाइँदैछ । प्रत्येक वर्ष चैत्र शुक्ल अष्टमीका दिन चैते दशैं मनाउने गरिन्छ । आज शक्तिपीठ तथा देवी मन्दिरहरुमा पूजा गर्ने भक्तजनहरुको घुइँचो लाग्ने गर्छ ।

असुर शक्ति माथि दैवी शक्तिको विजय तथा असत्यमाथि सत्यको जितको रुपमा लिइने दशैं हिन्दूधर्मावलम्बीहरुले वर्षमा दुई पटक मनाउने गर्दछन् । असोजमा मनाइने दशैंलाई बडादशैंको रुपमा मनाइन्छ भने चैत शुक्ल अष्टमीमा चैते दशैंको रुपमा मनाइन्छ । वर्षको दुई पटक चैत र असोजमा गरिने दुर्गा पूजाको विशेष महत्व रहेको शास्त्रमा उल्लेख छ । चैते दशैंमा अष्टमी र नवमीलाई विशेष रुपमा मनाउने गरिन्छ । अष्टमीको दिनलाई चैते दशैं र नवमीलाई त्रेता युगमा अयोध्याका राजा दशरथ र रानी कौशल्यावतीको ज्येष्ठ सुपुत्रका रुमपा श्रीरामको जन्म भएकाले रामनवमीका रुपमा मनाउने गरिन्छ । यसका साथै आजकै दिन मर्यादा पुरुषोत्तम श्रीराम आफ्नो १४ वर्षे वनबास सकाएर अयोध्या फर्किएको मानिन्छ । बडादशैं जस्तै चैते दशैंको पूजा उपासनाका मुख्य उद्देश्य पनि यो लोकमा सुख शान्ति र परलोकमा सद्गतिका लागि आशीर्वाद लिनका लागि हो । बडादशैंमा जस्तै चैते दशैंमा पनि परिवारका सदस्यबीच जमघट हुने गर्छ । चैते दशैं पर्वको अवसरमा देवीमन्दिर तथा घरघरमा दुर्गा सप्तशती, देवी भागवत कालिकापुराण लगायत देवी महिमायुक्त ग्रन्थको वाचन गर्ने गरिन्छ । मुख्य दशैंमा झै चैते दशैंमा पनि दुर्गाको पुजा गरी मिष्ठान्न भोजन चढाइन्छ ।

देवी मन्दिरहरूमा देवी भागवत पाठ पारायण तथा कालिका पुराणका देविस्त्रोतहरु पाठ गरिन्छ । घरमा उपलब्ध खाद्यान्न परिकारहरूलाई बनाई तुल्याई खाई रमाइलो गरी चैते दशैं मनाइन्छ । आज अशोकको फूल खाने पनि गरिन्छ । फुल खादा रोगब्याधी नष्ट हुने आम विश्वास छ । छोरी चेली लगायत दिदीबहिनी अनि कर कुटुम्भहरूलाई बोलाएर खुवाउने चलन रहेको छ ।

# स्वास्थ्य बिमा र सरकारी ...

...उपचार कसरी गर्ने भन्ने बारेमा केही उपलब्धिहरु भए पनि त्यसले पूर्णता प्राप्त गर्न नसकेको उनले बताए । मन्त्री पौडेलले बिरामी बढाउने नभई बिरामी हुन नदिने उपाय कसरी खोज्न सकिन्छ त्यसअर्न्तगत कामहरु गर्न जरुरी रहेको उल्लेख गरे । उनले भने, 'खासगरी बिरामी भएपछि उपचार कसरी गर्ने भन्ने बारेमा हामीले केही हदसम्म बहस गरिरहेका छौं । केही उपलब्धिहरु पनि भएका छन् तर त्यसले पूर्णता प्राप्त गर्न सकेको छैन । यसरी नै बिरामीको संख्या बढ्ने हो भने हामीले बिरामीहरुको उपचार गर्ने विषयलाई पूर्णतातिर होइन, अझ अपुग हुने स्थिती बन्छ । हामीले बिरामी बढाउने होइन, बिरामी हुन नदिने उपाय कसरी खोज्न सकिन्छ त्यसअर्न्तगत कामहरु गर्न जरुरी छ । हामीले निरोगी नेपाली अथवा नेपालीलाई रोग लाग्न नदिन के के उपाय अपनाउन सकिन्छ त्यसको लागि स्वास्थ्य मन्त्रालयले कोशिस गरिरहेको अवस्था छ ।' कार्यक्रममा प्रतिनिधि सभा सदस्य ठाकुर गैरे, राष्ट्रिय सभा सदस्य राजेन्द्र लक्ष्मी गैरे, पूर्व उद्योग मन्त्री सोमप्रसाद पाण्डे, लुम्बिनी प्रदेशका सभामुख बसन्त घर्ती मगर, प्रदेश सांसद तथा पूर्व मन्त्री विरबहादुर राना, प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, पाल्पाका व्यापार सङ्घका अध्यक्ष विष्णु कार्की लगायतले महोत्सव सफलताको शुभकामना व्यक्त गरे । तानसेन नगरपालिका नगर प्रमुख सन्तोषलाल श्रेष्ठको अध्यक्षता, उपप्रमुख प्रतिक्षा सिंजालीको धन्यवाद, प्रवक्ता यादवसिं कार्कीको सञ्चालनमा उद्घाटन कार्यक्रम भएको थियो ।

# 'सङ्घीयता खर्चिलो भएकाले...

...नेपाली काँग्रेसका केन्द्रीय सदस्य समेत रहेका पौडेलले सँघीयता छरितो बनाउन अब राजनीतिक संरचना र प्रशासनियक संरचना छरितो बनाएर जानु अहिलेको आवश्यकता रहेको उल्लेख गरे । उनले भने "मैले नेपाली काँग्रेसको केन्द्रीय समितिको बैंठकमा समेत भनेको थिए अब सांसदको सङ्ख्या दुई सय ७५ बाट दुई सय एकमा झारौं, केन्द्रीय मन्त्री मण्डलको सङ्ख्या २५ बाट १५ मा झारौं, प्रदेशको सङ्ख्या एकतिहाई घटाऔं प्रदेशमा एउटा मुख्यमन्त्री, एउटा वित्त मन्त्री, एउटा प्रशासनमन्त्री मात्र राखौं, पालिकाहरुको सङ्ख्या पनि घटाऊ बरु वडाको सङ्ख्या बढाऔं यसरी हामीले खर्चिलो बनेको संघीयता छरितो बनाउन सक्छौं, राजनीतिक संरचनाहरु छरितो भइसकेपछि प्रशासनिक संरचना पनि छरितो बनाउने बाटो खुल्छ ।" कार्यक्रममा काँग्रेसले स्ववियु निर्वाचनमा निर्वाचित विद्यार्थीहरुलाई सम्मान गरेको छ ।

पार्टी सभापति हिमालदत्त श्रेष्ठको अध्यक्षता, उपसभापति झपेन्द्र गरिहेको स्वागत, सचिव सुनिता अधिकारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

# टोटनहमलाई हराउँदै चेल्सी



**काठमाडौं,** चैत २२/कप्तान एन्जो फर्नान्डेजको एक मात्र गोलमा चेल्सीले प्रिमियर लिगमा टोटनहम माथि १-० को कठिन जित निकालेको छ ।

यस जितपछि चौथो स्थानमा उक्लेको चेल्सीले शीर्ष चारमा रहँदै अर्को सिजन च्याम्पियन्स लिगमा छनोट हुने सम्भावना पनि कायम राखेको छ । घरेलु मैदान स्टानफोर्ड ब्रिजमा भएको खेलमा चेल्सीको जितमा अर्जेन्टिनी मिडफिल्डर एन्जोले ५०औं मिनेटमा गोल गरे । उनले कोल पाल्मरको ऋसमा हेड मार्फत गोल गरे ।

निकै तनावपूर्ण बनेको खेलमा दुई गोल भिएआरबाट अस्वीकृत भएको थियो । चेल्सीका मोइसिस काइसेडोले ५६औं मिनेटमा गोल गरेपनि भिएआरले मान्यता दिएन । यस्तै टोटनहमका पापे मतार सारले ६९औं मिनेटमा गरेको गोलाई पनि भिएआरले मान्यता दिएन । खेलमा कूल १० पहैंलो कार्ड देखाइएको थियो । दुवै टिमका ५-५ खेलाडीले पहैंलो कार्ड सामना गरेका थिए । जितपछि चेल्सीले ३० खेलबाट ५२ अंक जोडेर चौथो स्थानमा उक्लेको हो । चेल्सीले म्यानचेष्टर सिटी र न्युकासललाई पछि पारेको हो । चेल्सी तेस्रो स्थानको नटिङहम फरेस्ट भन्दा ५ अंकले पछि छ । पारजित टोटनहम भने ३४ अंकसहित १४औं स्थानमा छ ।

लिभरपुल ३० खेलबाट ७३ अंक जोडेर शीर्ष स्थानमा आसिन छ र उपाधि जित्ने बलियो दाबेदारको रुपमा छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

# सुनचाँदीको मूल्य घट्यो




**पाल्पा, चैत २२**/नेपाली बजारमा शुक्रबार सुनचाँदीको मूल्यमा गिरावट भएको छ । यस दिन सुन प्रतितोला ३ हजार ९०० रुपैयाँ घटेको छ भने चाँदी १२५ रुपैयाँले घटेको हो । नयाँ रेकर्ड बनाइरहेको सुनको एकै दिन ठूलो गिरावट भएको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार शुक्रबार छापावाल सुनको मूल्य प्रतितोला १ लाख ७६ हजार ४०० रुपैयाँमा कारोबार भईरहेको छ । बिहीबार छापावाल सुनको मूल्य प्रतितोला १ लाख ८० हजार ३०० रुपैयाँ खरिदबिक्री भएको थियो ।

यस दिन चाँदीको मूल्य पनि १२५ रुपैयाँले घटेको छ । शुक्रबार चाँदी प्रतितोला एक हजार ८७० रुपैयाँमा किनबेच भएको छ । बिहीबारको चाँदी तोलाको एक हजार ९९५ रुपैयाँमा कारोबार भएको थियो ।

चाडपर्व प्रति सम्मान गरौं
- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र सँस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्वलाई सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म सँस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई